म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २५२ २०८० साउन २२ गते सोमबार 7 August 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## मुद्दा फछ्र्यौट प्राथमिकतामाः कामू प्रधानन्यायाधीश

काठमाडौंः कायम मुकायम (कामू) प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पुराना मुद्दा फछ्र्यौटलाई प्राथमिकता दिने बताएका छन् । आइतबारदेखि कामू प्रधानन्यायाधीश बनेका उनले पुराना मुद्दा फछ्र्यौट र छिटोछरितो न्याय सम्पादनवारे सर्वोच्च अदालतका न्यायाधीशहरुसँग छलफल गरेका हुन् । उनले न्यायालयको सेवा थप प्रभावकारी बनाउन पनि कर्मचारीहरुलाई निर्देशन दिएका थिए । न्यायाधीशहरु र कर्मचारीको मनोवल बढाउन आफू प्रयत्नशील रहेको भन्दै उनले न्यायिक सुधारका लागि उच्च र जिल्ला अदालतका न्यायाधीशहरुसँग छलफल गर्ने बताए । उनले न्यायपालिकाको सेवा प्रवाहलाई चुस्त बनाउन र सेवाग्राही सहजताका साथ सेवा दिन पनि निर्देशन दिए । सर्वोच्च अदालतका मुख्यरजिष्ट्रार कुँवरले उनलाई स्वागत गरेका थिए । स्रोतः अनलाइनखबर ।

### नेकपा माओवादीको केन्द्रीय समिति बैठक सकियो

# तीन महिने अभियान घोषणा, प्रदेश इन्चार्जको जिम्मेवारी फेरिए




समाज संवाददाता

काठमाडौंः तीन महिने 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान' घोषणा गर्दै नेकपा माओवादी केन्द्रको केन्द्रीय समिति बैठक सम्पन्न भएको छ । गत बुधबारबाट सुरु भएको माओवादी बैठक पाँच दिन चलेर आइतबार सम्पन्न भएको हो । बैठकले नेताहरुको कार्यविभाजन गर्नुका साथै 'जनतासँग विशेष रुपान्तरण अभियान'को घोषणा गरेको छ । उक्त अभियानमा अध्यक्ष प्रचण्डदेखि सबै केन्द्रीय सदस्यहरु वडावडामा पुगेर जनतासँग जोडिने छन् ।

'प्रचण्ड'ले पाँच दिनसम्म चलेको बैठक सोचेको भन्दा सजीव र जीवन्त रुपले सम्पन्न भएकोमा आफूलाई खुसी लागेको बताए । 'यो बैठकमा बहसहरु भए । बहस र छलफलबाट हामी नयाँ सम्भावना र निश्कर्षमा सफलताका साथ आइपुगेका छौँ', उनले भने, 'हाम्रो पार्टीको नेतृत्वमा सरकार छ । यो सरकारले सुशासन, सामाजिक न्याय र समृद्धितर्फ लैजाने काम गरेर जनतामा नयाँ भावना जगाएको छ ।' बैठकको समापन गर्दै अध्यक्ष प्रचण्डले बैठकले पार्टीभित्रका विभिन्न प्रश्न, अन्योल, आशंका र नेतृत्वबीचका अन्तरमा खुलेर छलफल गर्ने काम भएको भन्दै जनवादको उच्चतम थलोका रुपमा बैठक रुपान्तरण भएको पनि बताए ।

बैठकको निश्कर्ष सुनाउँदै अध्यक्ष प्रचण्डले भने, 'हामी नयाँ अभियानसहित जनतामा जाने निश्कर्षमा पुगेका छौँ । जनतासँग माओवादी विशेष अभियान भनेर जनतासँग जोडिने र ६ हजार ७ सय वडामा पुगेर तीन महिने अभियान चलाउने निश्कर्षमा पुगेका छौँ', अध्यक्ष प्रचण्डले आफू पनि सातवटै प्रदेशमा एकएक वडामा पुग्ने घोषणा समेत गरे ।

'म पनि सात वटा प्रदेशका सात वटा वडामा पुगेर जनताको भावना बुझ्ने र सबै केन्द्रीय सदस्य वडामा पुग्ने निश्कर्ष यो बैठकको छ', त्यसक्रममा जुनसुकै पार्टीमा आस्था राख्ने भएपनि देशभरका कुनैपनि घरपरिवार नछोडि जनताका घरमा पुग्ने प्रचण्डले बताए । 'एउटा पनि जनताको घर नछोड्ने, सहिद बेपत्ता ,सबै घर परिवारसँग तीन महिने अभियान चलाएर विधान सम्मेलनमा फर्कनेछौँ', प्रधानमन्त्री समेत रहेका प्रचण्डले घोषणा गरे । साथै उनले बैठकपछि पार्टी एकढिक्का भएकोमा आफू विश्वस्त बनेको बताए ।

'अब यो बैठकबाट निक्लँदै गर्दा यो भन्न सक्छौं कि हामी एक ढिक्का भएका छौँ, विधि पद्दतिभन्दा बाहिर जाने छैनौ', प्रचण्डले भने, 'सरकारका काम जनतासँग स्थापित गरेर परिवर्तनको स्वामित्व लिनेगरी जनतामा जानेछौँ, विचार र राजनीतिमा मात्र होइन, हामी सबैका लागि यो खुसी र भावनामा पनि एक भएका छौ ।' प्रचण्डले यो अभियानपछि माओवादी पुन जाग्ने दाबी समेत गरे । 'माओवादी अव फेरि जाग्नेछ । जनताको भावना र चाहाना सम्बोधन गर्न बैठकले नयाँ उज्यालो दिएको छ', प्रचण्डको विश्वास छ ।

यस्तै माओवादी केन्द्रले तीन महिने अभियानका लागि संयोजकहरु तोकेका छ । प्रज्ञा भवनमा आइतबार सम्पन्न केन्द्रीय समिति बैठकमा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डल 'जनतासँग माओवादी' नाम दिइएको अभियानका लागि संयोजकहरु तोकेका हुन् । जसअनुसार कोशी प्रदेशमा बलदेव खनाल, मधेसमा लिलामणि पोखरेल, बागमतीमा जनार्दन शर्मा, लुम्बिनीमा हितमान शाक्य, कर्णालीमा मातृका यादव र सुदूरपश्चिम प्रदेशमा डिलाराम आचार्य छन् । सम्पर्क विशेषमा गिरिराजमणि पोखरेल र जवर्गीय संगठनको इन्चार्जमा वर्षमान पुन तोकिएका छन् ।

यसैबीच नेकपा माओवादी केन्द्रले सबै तहका कमिटीहरु निर्वाचनमार्फत चयन गर्ने भएको छ । परम्परागत ढंगले कमिटीहरु गठन गर्दा चलायमान हुन नसकेको निश्कर्षका साथ अबदेखि माओवादीले निर्वाचन पद्दतिमार्फत कमिटीहरु गठन गर्न लागेको हो । माओवादीले अहिलेसम्म अधिकांश पार्टी कमिटी चयन गर्दा टीके प्रथाबाट गर्दै आएको थियो । माओवादी केन्द्रकी केन्द्रीय सदस्य नारायणी शर्माले बैठकले पार्टी तथा जनसंगठनका सम्पूर्ण कमिटीहरु निर्वाचनमार्फत चयन गर्ने जानकारी दिइन् । शर्माका अनुसार बैठकले अध्यक्ष र वरिष्ठ उपाध्यक्ष पनि सातै प्रदेशका सातवटा वडामा जनतासँग माओवादी विशेष रुपान्तरण अन्तर्गत खटिने निर्णय भएको छ ।

# यु-१६ राष्ट्रिय फुटबल टिममा मकवानपुरको उपस्थिति शून्य

समाज संवाददाता

हेटौँडाः १६ वर्ष उमेर समूहको राष्ट्रिय फुटबल टिममा मकवानपुरको उपस्थिति शून्य हुने भएको छ । राष्ट्रिय टिम तयार पार्ने गरी अखिल नेपाल फुटबल संघ (एन्फा) ले देशभरबाट छनोट गर्ने क्रममा ३२ सदस्यीय सूचिमा आइपुग्दा मकवानपुरको उपस्थिति शून्य भएको हो ।

यसअघि ५८ जनाको सूचिमा मकवानपुरका एरोन गुरुङ अटाएका थिए । शुक्रबार एन्फाले सार्वजनिक गरेको ३२ जनाको सूचिमा एरोन अटाउन सकेनन् । ३२ जनाको सूचि सार्वजनिक हुने क्रममा मकवानपुरको उपस्थिति शून्य भएको हो । एन्फाले ३२ जनालाई बन्द प्रशिक्षणमा राखेर राष्ट्रिय टिमको अन्तिम सूचि तयार पार्नेछ ।

मकवानपुर जिल्लाबाट प्रदेशस्तरीय छनोटमा सहभागी हुन जिल्लाबाट २७ जना छानिएका थिए । जिल्लामा छनोटमा एक सय ९२ जना किशोर खेलाडी सहभागी थिए । जिल्लाबाट सहभागी २७ जनामध्ये प्रदेशस्तरीय छनोटबा १२ जना राष्ट्रियस्तरको छनोटमा सहभागी भएका थिए । मकवानपुरबाट एरोन गुरुङ, रवि थिङ, पवन दर्लामी, विकल राना मगर, लिसन गुरुङ, रिजन जिसी, असन प्रजा, प्रमित खत्री, उप्रान्त आले, रोशन गोले, प्रनिष भण्डारी र अमित स्याङ्तान प्रदेशस्तरीय छनोट पार गरी राष्ट्रिय छनोटमा सहभागी भएका थिए ।

उमेर समूहको राष्ट्रिय टिममा सहभागिताले भविष्यमा सिनियर राष्ट्रिय टिममा जिल्लाको प्रतिनिधित्व गर्ने आधार तय हुने भएकोले चासोका साथ हेरिएको थियो । अहिले राष्ट्रिय टिमको प्रारम्भिक बन्द प्रशिक्षणमा मकवानपुरबाट ६ जना सहभागी छन् । राष्ट्रिय टिममा नियमितरुपमा ३ देखि ५ जना खेलाडी समावेश गराउँदै आएको मकवानपुर जिल्लाले उमेर समूहमा राष्ट्रिय टिममा आफ्नो उपस्थिति सावित गर्न नसक्नु चनौतिको विषय समेत हो ।

१६ वर्ष उमेर समूहमा ए डिभिजन क्लबले समेत टिम तयार पारेकोले मकवानपुरका खेलाडीको उपस्थितिमा कठिनाइ भएको मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीको भनाइ छ । एन्फाले अहिले तयार पारेको यु-१६ राष्ट्रिय टिमले दक्षिण एसियाली यु-१६ फुटबल प्रतियोगितामा सहभागिता जनाउने छ । यु-१६ फुटबल प्रतियोगिता आगामी भदौ १५ देखि २५ गतेसम्म भुटानमा आयोजना हुँदैछ ।

# चित्रकारलाई उद्योग तथा सामान्य प्रशासन मन्त्रालय

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशका बिनाविभागीय मन्त्री रामकृष्ण चित्रकारलाई मन्त्रालय तोकिएको छ । आइतबार मन्त्री चित्रकारलाई उद्योग तथा सामान्य प्रशासन मन्त्रालय तोकिएको मन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

काठमाडौंमा केन्द्रीयस्तरको नेताको छलफलबाट मन्त्री चित्रकारको मन्त्रालयको टुङ्गो लागेको हो । गत जेठ ७ गते मन्त्रीमा नियुक्त हुनुभएका चित्रकार बिना विभागीय रहनुभएको थियो । गत आइतबार बसेको मन्त्रिपरिषद् बैठकले चित्रकारलाई विभाग तोक्ने विषयमा छलफल चलेको र आज आइतबार मन्त्रालयको टुङ्गो लागेको मन्त्री चित्रकारको सचिवालयले जनाएको छ । मन्त्री चित्रकारलाई पर्यटन मन्त्रालय र मुख्यमन्त्रीको कार्यालयबाट मन्त्रालय अलग्याएर मन्त्रालयको जिम्मा दिएको हो ।

यता, मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले मन्त्रालयको संख्या नबढाउने बताउनुभएको थियो । गत पुस २६ गते मुख्यमन्त्री भए पश्चात उहाँले पहिलो निर्णयको रुपमा ३ मन्त्रालय घटाएर ११ मन्त्रालय बनाइएको थियो । आज मन्त्रालय बढाउँदै १२ वटा मन्त्रालय बानाएको हो । बागमती प्रदेशमा मन्त्रालय बढेसँगै काँग्रेसले ६ मन्त्रालय पाएको छ । कांग्रेसले वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालय, स्वास्थ्य मन्त्रालय, पर्यटन तथा सहकारी मन्त्रालय र उद्योग तथा सामान्य प्रशासन मन्त्रालय पाएको छ ।

माओवादीले मुख्यमन्त्रीसहित आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय गरी ४ मन्त्रालयमा नेतृत्वमा गरेको छ । यस्तै एकीकृत समाजवादीले कृषि तथा पशुपन्छी विकास र श्रम रोजगार तथा यातायात गरी दुईवटा मन्त्रालय पाएको छ ।

# ईन्द्रसरोवरमा वडाको पहलमा घरघरमा स्वास्थ्य परीक्षण



गाउँघर क्लिनिक कार्यक्रमअन्तर्गत वडावासीको घरमै पुगेर स्वास्थ्य परीक्षण गर्दै स्वास्थ्यकर्मी ।

समाज संवाददाता

हेटौँडाः मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको २ नम्बर वडाको पहलमा घरघरमा पुगेर स्वास्थ्य परीक्षण कार्य सुरु गरेको छ । वडामा रहेको स्वास्थ्य केन्द्रको पहुँचमा नरहेका क्षेत्रमा घरघरमै पुगेर स्वास्थ्य आभारभूत स्वास्थ्य परीक्षण गर्न सुरु गरिएको वडा अध्यक्ष सुमन श्रेष्ठले जानकारी दिनुभएको छ ।

स्वास्थ्य चौकीको पहुँचमा नरहेका वडाको भालुखर्क, सुलिकोट, सुकौरा र छापखोरियामा हरेक महिनाको एक पटक स्वास्थ्य परीक्षण गरिने वडा अध्यक्ष श्रेष्ठले बताउनुभयो । शनिबार छापखोरियामा स्वास्थ्य परीक्षण गरिएको छ । वडामा रहेको स्वास्थ्य चौकीका अहेब, अनमीले घरदैलोमै पुगेर वडावासीको स्वास्थ्य परीक्षण गर्नुका साथै आवश्यकताअनुसार थप उपचारका लागि पालिकामै रहेको स्वास्थ्य चौकी तथा थप उपचारका लागि पठाउने व्यवस्था पनि मिलाउने वडा अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । अहिले मधुमेह र रक्तचापको अवस्था मापन गर्नुका साथै वडावासीको स्वास्थ्य अवस्थाबारे जानकारी लिने उहाँले बताउनुभयो ।

वडा अध्यक्ष श्रेष्ठले शिक्षा, स्वास्थ्य र वडावासीको आयआर्जनमा ध्यान दिएर काम गरिरहेको बताउनुभएको छ । वडालाई आत्मनिर्भर बनाउन, बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै स्वास्थ्य सेवामा सहजता होस् भनेर काम गरिरहेको उहाँले बताउनुभयो । अहिलेको घरदैलोमै पुगेर स्वास्थ्य परीक्षण गर्ने कार्यले वडावासीमा आत्मविश्वास बढाउने वडा अध्यक्ष श्रेष्ठले विश्वास व्यक्त गर्नुभएको छ । कसैको स्वास्थ्यमा जटिल समस्या हुन सक्ने अवस्था रहेछ भने तुरुन्तै थप उपचार गराउन पनि सकिने उहाँको भनाइ छ ।



## सम्पादकीय

# शिक्षाका बेथिति अन्त्य होस्

संविधानले माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । कक्षा १२ सम्म सञ्चालन हुने विद्यालय तथा कलेजहरुको शैक्षिक व्यवस्थापनको जिम्मेवारी गाउँपालिका तथा नगरपालिकाहरुमा आएको हो । संघीयताको कार्यान्वयनसँगै केन्द्र सरकारमा रहेको विद्यालय तहको शिक्षाको अधिकार स्थानीय तहमा आएको हो । कक्षा १२ सम्म सञ्चालन भइरहेका शैक्षिक संस्थाको सञ्चालन, व्यवस्थापन, नियमनको सबै जिम्मेवारी स्थानीय तहमा आएको भए पनि पर्याप्त जनशक्ति र आर्थिक स्रोत साधनको अभावका कारण स्थानीय तहले प्रभावकारी काम गर्न सकेका छैनन् । स्थानीय तहको नेतृत्वले शैक्षिक व्यवस्थापनप्रति पर्याप्त ध्यान दिन नसक्दा गाउँ/नगर पालिकाका शिक्षा शाखा/महाशाखाका कर्मचारीहरु समेत अलमलिएका छन् । महाशाखाले विद्यालय शिक्षा तथा समग्र पालिकाको शैक्षिक व्यवस्थापनमा आवश्यक नीति, नियम, कार्यक्रम बनाएर कार्यान्वयन गर्नुपर्नेमा संघीय सरकारले उपलब्ध गराएको सशर्त अनुदानका कार्यक्रम गर्नसमेत स्थानीय तहको शिक्षा प्रशासनलाई हम्मेहम्मे परिरहेको छ ।

शैक्षिक व्यवस्थापनको जिम्मेवारी पाएको स्थानीय तह आफैं अलमलिँदा शैक्षिक संस्थाहरु अटेरी बनेका छन् । प्रभावकारी अनुगमन, निरीक्षण तथा नियमन नहुँदा शैक्षिक संस्थाले निर्देशन पालना नगर्नेमात्र होइन, स्वेच्छाचारिता र अनियमितता समेत बढ्ने चिन्ता थपिएको छ । हेटौंडा उपमहानगरपालिकाभित्रको शैक्षिक व्यवस्थापन पनि भद्रगोल बनिरहेको छ । वार्षिक शैक्षिक क्यालेण्डर बनाएर शैक्षिक गतिविधिमा एकरुपता ल्याउने प्रयास गरेको भए पनि प्रष्ट निर्देशन नहुँदा विद्यालयहरुमा आफूखुशी काम भइरहेका छन् । जसको ज्वलन्त उदाहरण विद्यालयको प्रथम त्रैमासिक परीक्षालाई लिन सकिन्छ । उपमहानगरपालिका केही संस्थागत विद्यालयले असार अन्तिममै प्रथम त्रैमासिक परीक्षा सञ्चालन गरे, केही सामुदायिक विद्यालयले उपमहानगरको क्यालेण्डरबमोजिम साउन २ गतेबाट परीक्षा लिए । नगरस्तरीय शैक्षिक समन्वय समितिले साउन ९ गतेदेखि परीक्षा सञ्चालन गर्‍यो भने केही विद्यालयले साउनकै १० र ११ गतेबाट परीक्षा सञ्चालन गरेका छन् । उपमहानगरकै केही संस्थागत विद्यालयमा साउन १७ बाट प्रथम त्रैमासिक परीक्षा सुरु भएको छ । परीक्षामा आफूखुशी हुँदा वर्षे विदापछि विद्यालय खुल्ने दिनमा पनि एकरुपता हुन सकेको छैन ।

हेटौंडाकै कतिपय संस्थागत विद्यालयहरुले उपमहानगरपालिकामा विद्यार्थी विवरणको तथ्यांकै उपलब्ध नगराउँदासमेत उपमहानगरको नेतृत्व र शैक्षिक प्रशासन निरिह बनिरहेको छ । उपमहानगरभित्रका ४८ वटा संस्थागत विद्यालयमध्ये हालसम्म ३० वटा विद्यालयले मात्र यस वर्षको विद्यार्थी विवरण बुझाएका छन् । तोकिएको म्यादभित्र १८ वटा विद्यालयले विद्यार्थी विवरण उपलब्ध नगराउँदा उपमहानगरको शैक्षिक प्रशासन चुपचाप बसिरहनुले शिक्षामा बेथिति मौलाउने अवसर पाउने निश्चित छ । यसवर्ष मात्र होइन, उपमहागनरका केही विद्यालयले विगतका वर्षहरुमा पनि शैक्षिक तथ्यांक उपलब्ध नगराएको पाइएको छ । २०७७ सालमा ९ वटा, २०७८ सालमा ७ वटा र २०७९ सालमा पनि ९ वटा संस्थागत विद्यालयले विद्यार्थीको तथ्यांक नै नबुझाउँदा उपमहानगर निरिह बन्नुले राम्रो संकेत गर्दैन ।

सामुदायिक र संस्थागत विद्यालयको उचित नियमन नहुँदा विद्यालय शिक्षामा विभेद अन्त्य हुन सकेको छैन । कक्षा ११ र १२ कलेजहरुले पनि पठनपाठन गरिरहेको अवस्थामा अर्को जटिलता देखिइरहेको छ । कक्षा १२ सम्म विद्यालय तह भएको हुँदा १० बजेदेखि ४ बजेसम्म पठनपाठन हुनुपर्ने भए पनि अधिकांश विद्यालय तथा क्याम्पसहरुमा कक्षा ११ र १२ को पठनपाठन बिहान सञ्चालन भइरहेको उपमहानगरपालिका टुलुटुलु हेरेर बसिरहेको छ । हेटौंडा उपमहानगरपालिकाभित्रै ट्युशन/कोचिङ सेन्टर, भाषा कक्षा, लोकसेवा/शिक्षकसेवा तयारी कक्षा, ब्रिजकोर्ष, कम्प्युटर कक्षा, शिशु स्याहार केन्द्र, छात्रावासलगायत शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेका कतिपय शैक्षिक संस्थाहरुसमेत नियमविपरित हुनसक्छन् । यस्ता अनियमितता र अटेर गर्नेहरु राजनीतिक वा अन्य हिसाबले शक्तिशाली र संरक्षित हुने हुँदा कारबाही हुन सक्दैन । शिक्षा क्षेत्रका तमाम बेथिति अन्त्य नगरेसम्म हेटौंडा उपमहानगरपालिकालगायत स्थानीय तहको शिक्षामा सुधार र गुणस्तर वृद्धि सम्भव नहुने तथ्यलाई सम्बद्ध नेतृत्वले मनन गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मान–प्रतिष्ठा बढाउन सकिने समयको योग रहेको छ ।
**वृष** : साथीभाइले महत्वपूर्ण काममा सहयोग गर्ने समय छ ।
**मिथुन** : बुद्धि र विवेकको प्रयोगले काममा पूर्णता प्राप्त होला ।
**कर्कट** : लगनशीलताले प्रतिष्ठा प्राप्ती योग रहने समय छ ।
**सिंह** : अधिकार प्राप्तीका लागी गरिएका काममा सफलता प्राप्ती ।
**कन्या** : बोलीलाई नियन्त्रण गर्दा विशेष लाभकारक रहला ।
**तुला** : आनन्द र रमणीयका लागी समय खर्च हुने समय छ ।
**वृश्चिक** : बन्दव्यापार र कारोबारका क्षेत्रमा ठिकै रहला ।
**धनु** : खानपान र मनोरञ्जनका लागी राम्रै समय छ ।
**मकर** : घरायसी समस्याका बारेमा समय बित्ला ।
**कुम्भ** : सार्वजनिक स्थानहरुको भ्रमणमा समय व्यतित होला ।
**मीन** : धार्मिक तथा सामाजिक काममा सरिक भइने छ ।

# अन्यायमा न्यायालय



✍ बुद्ध घिसिङ

'ढिलो न्याय दिनु भनेको न्याय दिन अस्वीकार गर्नु हो ।' यो भनाइ शताब्दीऔंदेखि विशेषगरी न्याय सम्पादन गर्ने सन्दर्भमा विश्वव्यापी रूपमा प्रयोग हुँदै आएको हो । बेलायती दार्शनिक एवं न्यायविद् सर एड्वार्ड कोकले सोह्रौं शताब्दीताका प्रयोग गरेको यो भनाइ वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक छ । अझ नेपाल जस्तो विकासशील मुलुकहरूमा त ठ्याक्कै मेल खान्छ ।

संसारका कुनै पनि समाज अपराधमुक्त छैनन् । जब समाजमा अपराधका घटनाहरू बढ्न थाल्छन्, तब नागरिकहरू अन्यायमा पर्छन् । अन्यायबाट मुक्ति पाउने एउटै माध्यम हो, उसलाई न्याय दिनु । जबसम्म उसलाई न्याय दिइँदैन, ऊ अन्यायमै परिरहेको हुन्छ ।

अन्यायमा पर्नेलाई न्याय दिने र दिलाउने काम न्यायालयले गर्छ । त्यसैले न्यायालयप्रति नागरिकको ठूलो आस्था रहेको हुन्छ । उसले राजनीतिक, दार्शनिक वा धार्मिक आस्था परिवर्तन गर्न सक्छ, तर न्यायालयप्रतिको आस्था कहिल्यै परिवर्तन गर्न सक्दैन ।

न्यायालय यस्तो आस्था र विश्वासको धरोहर हो, जसले अन्यायमा परेकालाई न्याय दिलाउन कुनै पनि जात, धर्म, वर्ग, सम्प्रदाय, लिङ्ग वा क्षेत्र, धनी गरीब केही कसैलाई हेर्दैन । यदि हेरिन्छ भने न्याय र अन्याय मात्र हेर्छ ।

न्याय, अन्याय हेरेर न्याय दिने क्षेत्राधिकार न्यायालयलाई मात्र छ । यसले गर्दा नै नागरिकको अन्तिम आशा र विश्वास भनेको न्यायालय नै हो ।

न्यायालय आफैले मात्र न्याय दिने र दिलाउने होइन । न्यायालयमा न्यायकर्ता हुन्छन् जसले आफूलाई दिइएको संवैधानिक एवं कानुनी अधिकारको प्रयोग गरी अन्यायमा परेकालाई न्याय दिन्छन् । न्यायकर्ता विनाको न्यायालय प्राण नभएको शरीर जस्तै हुन्छ ।

अतः यसरी अन्यायमा परेका नागरिकलाई न्याय दिने न्यायालयमा लामो समयसम्म न्यायकर्ताको उपस्थिति नहुँदा त्यो न्यायालय आफैं कति अन्यायमा पर्छ होला ? र, त्यसको असर आम नागरिकमा कति पर्छ होला ? हामी सहजै अनुमान गर्न सक्छौं ।

हाम्रो मुलुककै सर्वोच्च न्यायालय सर्वोच्च अदालतमा अहिले झण्डै २८ हजार भन्दा बढी मुद्दा फैसला हुन बाँकी छन् । मुद्दा फैसला गर्नुपर्ने न्यायाधीशहरूको संख्या घट्दो छ । प्रधानन्यायाधीश समेत गरी २१ जना न्यायाधीशको दरबन्दी रहेको सर्वोच्च अदालतमा हाल १५ जना मात्र न्यायाधीश छन् ।

१४ जना न्यायाधीशले २८ हजार भन्दा बढी मुद्दा कहिले र कसरी किनारा लगाउने होला ? सम्झिंदा पनि स्थिति अत्यासलाग्दो छ ।

सर्वोच्चका विचाराधीन मुद्दाहरू यस्ता प्रकृति (फौजदारी) का मुद्दा हुन् । जसको लागि तारेखमा हाजिर हुन समेत काठमाडौं बाहिरबाट आउनेहरूको लागि एक हप्ताको समय माया मारेर आउनुपर्ने बाध्यता छ ।

मुद्दा सुनुवाइमा भइरहेको ढिलाइले मुद्दाका पक्षहरू निराश देखिन्छन्, आफ्ना कानुन व्यवसायीलाई छिटो गरिदिन अनुनय-विनय गर्ने गरेको पाइन्छ । हरेक नागरिकले समयमा नै न्याय प्राप्त गर्न पाउनुपर्दछ, यो उनीहरूको मानवअधिकार पनि हो ।

राष्ट्रिय मानवअधिकार आयोगले न्यायाधीश नियुक्ति ढिलाइ सम्बन्धी विज्ञप्ति नै जारी गरेर चिन्ता व्यक्त गरेको छ । यसले पनि हाम्रो न्यायालयको दुर्दशा कुन हदसम्म पुगेको छ भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । उता उच्च अदालतको न्यायाधीश नियुक्ति सम्बन्धी समस्या पनि उस्तै छ ।

हाल मुलुकभर रहेको उच्च अदालतहरूमा ४२ जना न्यायाधीशको पद रिक्त छ । उच्च अदालतको मुद्दा फैसलाको समस्या सर्वोच्च अदालतको भन्दा कम छैन । न्यायाधीशहरूको अभावले समयमा नै फैसला गरी बढ्दो मुद्दाको चापलाई न्यून गर्न चुनौती थपिँदै गएको छ । समयमै उच्च अदालतका न्यायाधीशहरू नियुक्त गर्न नसकेमा यसले न्यायालयमा थप संकट उत्पन्न गर्नेछ ।

सर्वोच्च अदालतको प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद्बाट र अन्य न्यायाधीशहरूको नियुक्ति न्यायपरिषद्बाट गर्नुपर्ने व्यवस्था छ । प्रधानन्यायाधीश र न्यायाधीशहरू नियुक्ति सम्बन्धी स्पष्ट कानुनी व्यवस्थाहरू हुँदाहुँदै पनि नियुक्त गर्न नसक्नु राजनीतिक भागबण्डामा कुरा नमिल्नु नै हो ।

यसमा सत्तापक्ष, प्रतिपक्षसँगै प्रधानन्यायाधीश र नेपाल बार एशोसिएसनको पनि उत्तिकै कमजोरी देखिन्छ । उनीहरूको कमजोरी यही हो कि उनीहरू न्यायाधीशको लागि योग्य र सक्षम पात्रभन्दा पनि आफू वा आफ्नो मान्छे वा आफ्नो पार्टीको मान्छेलाई सिफारिस गर्न चाहन्छन् । यसो गर्न सकेमा भविष्यमा न्यायालयलाई प्रभाव पार्न सकून् र मुद्दाको फैसला आफ्नो अनुकूल बनाउन सकून् ।

यसमा लुकाउने वा छिपाउने कुनै कुरा छैन । वरिष्ठताको हिसाबले विश्वम्भरप्रसाद श्रेष्ठ सर्वोच्च अदालतको नयाँ प्रधानन्यायाधीश नियुक्त भएका छन् । प्रधानन्यायाधीश र कानुन मन्त्रीको आफ्नो भागबण्डा नमिल्दा सर्वोच्च र उच्च अदालतको न्यायाधीश नियुक्तिमा ढिलाइ भइरहेको तथ्य दैनिक छापाहरूमा आइरहेका छन् ।

त्यसमा पनि प्रधानन्यायाधीश अधिवक्ताहरूबाट ल्याउनुपर्ने अडान र कानुन मन्त्रीले अन्यबाट ल्याउनुपर्ने अडान राख्दै आएकोले न्यायपरिषद्को बैठक बस्न सकिरहेको छैन ।

सर्वोच्च र उच्च अदालतमा न्यायाधीश नियुक्ति सम्बन्धी सत्तारुढ दल, प्रतिपक्षी नेताहरूको आ-आफ्नै अडान छ । सर्वोच्चको ६ जना दरबन्दीमध्ये तीन जना न्यायाधीश कानुन व्यवसायीबाट हुनुपर्ने नेपाल बारको माग छ ।

'आफैं त महादेव उत्तानो टाँङ, कसले देला वर' भन्ने उखान अहिले न्यायालयमा न्यायाधीशहरूको नियुक्तिका सम्बन्धमा देखिएको छ । न्यायालयले समयमा न्यायाधीश नपाउनु भनेको न्यायालयप्रतिको अन्याय हो ।

आफैं अन्यायमा परेको न्यायालयले जनसाधारणको अपेक्षा बमोजिम समयमा न्याय दिन सक्ने अवस्था छैन । जसले गर्दा न्याय माग्न न्यायालय पुगेका पीडितहरू समयमा न्याय नपाउँदा दोहोरो अन्यायमा परेका छन् ।

न्याय सम्पादनमा ढिलाइ गर्नु भनेको मुद्दाका पक्षहरूले न्याय नपाउनु मात्र होइन, न्यायालयको शक्ति कमजोर हुँदै जानु पनि हो । र, न्यायालयप्रति जनसाधारणको विश्वास गुमाउनु हो ।

त्यसकारण हाल न्यायालयमा रिक्त रहेको न्यायाधीशहरूको नियुक्तिमा आफ्नो स्वार्थ र भागबण्डामा होइन; योग्य, सक्षम, गैरराजनीतिक व्यक्तिहरूबाट गर्न सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूको समयमै दृष्टि पुगेमा छिटो-छरितो न्याय सम्पन्न हुनेथियो ।

*अधिवक्ता घिसिङ अन्तर्राष्ट्रिय कानुनका जानकार हुन् । (स्रोतः अनलाईनखबर)*

# विकासमा सामाजिक न्यायको आवश्यकता

✍ गम्भीरबहादुर हाडा

सामाजिक न्यायका दृष्टिले न्यायोचितता भन्नाले सकारात्मक विभेद गर्ने व्यवहारलाई जनाउँछ । न्यायोचितताको सवाललाई रावल्स् भन्ने सिद्धान्तकारले व्याख्या गरेका छन् र उनको भनाइअनुसार न्यायोचितताभित्र निष्पक्ष स्रोत वितरण, मानव अधिकार र अवसर वितरण पर्छन्, जसलाई सामाजिक, आर्थिक तथा राजनीतिक प्रणालीहरूले प्रभाव पारिरहेका हुन्छन् । अर्को अर्थमा भन्नुपर्दा विकास प्रक्रियाले जसलाई सबैभन्दा असर पुर्‍याउँछ उसैको निर्णय गर्ने प्रक्रियामा पहुँच तथा नियन्त्रण भयो भने त्यसलाई सामाजिक न्याय भन्न सकिन्छ ।

सामाजिक न्याय भन्नाले न्यायपूर्ण समाज निर्माण तथा सामाजिक समानता कायम गराउने सशक्त लोकतान्त्रिक अवधारणालाई बुझाउँछ । सामाजिक समानता भन्नाले समाजमा समानहरूबीच समान र असमानहरूबीच असमान गरी गरिने व्यवहार बुझिन्छ । सामाजिक न्यायले समानतामा पार्ने प्रभावहरूमा (क) सबैको पहुँच, पहिचान तथा मर्यादा र स्थापित हुने हुँदा समानता हासिल गर्न सहज हुन्छ । (ख) मानव अधिकारको पालना हुने भएकाले समानता कायम गर्न सहयोग पुग्छ । (ग) कमजोर वर्गको उत्थान र संरक्षण हुने हुँदा समान प्राप्तिमा योगदान पुग्छ । (घ) अधिकार र न्याय स्थापित हुने हुँदा समानताको अवसर उपलब्ध हुन्छ । (ङ) वर्गीय असमानता न्यून हुने हुँदा समानता प्राप्त गर्न मद्दत पुग्छ ।

सबै प्रकारका शोषण, अन्याय र विभेद अन्त्य गरी न्याय र नैतिकतामा आधारित स्वच्छ समाज स्थापित गर्नु हो । नेपालमा विगत ५० वर्षदेखि सामाजिक परिवर्तनले तीव्रता लिएको छ । तापनि सामाजिक कल्याणको क्षेत्रमा जति प्रगति हुनुपर्ने हो त्यति हुन सकिरहेको छैन । यतिसम्म चाहिँ के भन्न सकिन्छ भने नेपालमा योजनाबद्ध परिवर्तनको क्रममा ग्रामीण पुनर्निर्माण, श्रम कल्याण, दलित जातिहरुको उत्थान, जनजाति एवं महिलाहरुको स्थितिमा सुधार गर्ने हेतुले केही कार्य निःसन्देह गरिएका छन्, तर योजनाहरूको प्रगति भने राखिएको लक्ष्यअनुसार भएको छैन ।

योजनाबद्ध परिवर्तनको अधिकांश लाभ साधारणतया ती मानिसहरुले पाएका छन् जो पहिलेदेखि नै सम्पन्न थिए । विभिन्न समाजशास्त्रीय अध्ययनहरुबाट के स्पष्ट भएको छ भने योजनाबद्ध परिवर्तनले विभिन्न क्षेत्रमा इच्छित सफलता प्राप्त गर्न सकेको छैन । यसका केही मौलिक कारणहरु छन्, जुन यस प्रकार छन् : (क) अशिक्षा, (ख) लक्ष्य र साधनमा असन्तुलन, (ग) व्यावहारिक पक्षमा कम ध्यान, (घ) प्रशासनको अकुशलता र स्वार्थपरकता, (ङ) गुटबन्दी र दरबन्दी, (च) मानवीय तथा सांस्कृतिक कारकहरूको उपेक्षा, (छ) रुढी एवं अन्धविश्वास, (ज) राष्ट्रिय चरित्रको अभाव, (झ) विश्वासिलो तथ्याङ्कको अभाव, (ञ) समाज वैज्ञानिक र प्रशासकबीच सहयोगको अभाव, (ट) साधारण जनतामा उत्साह एवं सहयोगको अभाव ।

नेपालमा योजनाबद्ध परिवर्तनलाई सफल पार्नका लागि उपयुक्त सीमा वा बाधाहरु हटाउन र समाज वैज्ञानिकहरुलाई सक्रिय सहयोग जुटाइदिन आवश्यक छ । प्रत्येक समाज सधैं स्थिर, संगठित, एकीकृत, सन्तुलित एवं समतुल्य अवस्थामा राख्नका लागि त्यसका अंग अथवा संरचनाका तत्वहरु क्रियाशील रहन्छन् । यसरी सामाजिक व्यवस्थालाई स्थिर राख्नका लागि संरचनात्मक तत्वहरुको प्रकार्यात्मक सम्बन्धको निकै महत्वपूर्ण भूमिका रहन्छ । मानव पनि सामाजिक एवं सांस्कृतिक व्यवस्थाको एक एकाइ हो । परिवर्तन शब्दले कुनै तथ्य, वस्तु वा संरचनामा आउने फेरबदललाई संकेत गर्छ । संसारका सबैजसो भौतिक एवं अभौतिक वस्तुहरु परिवर्तनशील छन् ।

त्यसैले समाज र संस्कृति पनि निरन्तर रुपमा समय, परिस्थिति, आवश्यकता र मानव विकाससँगै परिवर्तन भइरहेको छ । नेपालको संविधान, २०७२ को धारा २४. छुवाछूत तथा भेदभाव विरुद्धको हक : (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिनेछैन । (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री-वितरण वा प्रदान गरिनेछैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्साउने, जात, जाति वा छुवाछूतका आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइनेछैन । (४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइनेछैन । समावेशी लोकतन्त्र बहुजातीय र बहुसांस्कृतिक देशका लागि उपयुक्त मानिन्छ । फ्रेन्च क्रान्तिले वकालत गरेको व्यक्तिका लागि स्वतन्त्रता, समानता र भ्रातृत्वको नारालाई समावेशी लोकतन्त्रले समुदायका लागिसमेत विस्तारित गरेको छ ।

संयुक्त राष्ट्रसंघ, संयुक्त राष्ट्र विकास कार्यक्रम र अन्तर्राष्ट्रिय श्रम संगठनजस्ता विश्व संस्थाहरुले समेत यस पक्षमा आफ्नो नीति र व्यवहारलाई केन्द्रित गरेका छन् । समावेशीकरणले विकासशील देशहरूमा संसदीय प्रकृतिको बहुमतीय प्रणालीबाट उत्पन्न अस्थिरताको समस्या हल गरी लोकतन्त्रलाई स्थायित्व प्रदान गर्न मद्दत गर्छ । यसले राजनीतिक शक्तिहरुबीच सन्तुलन कायम गर्छ । तिनीहरूबीच संघर्ष समाधान गर्न र देश निर्माणका लागि सहमति खोज्न प्रेरित गर्छ । राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित गरिएको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ मा उल्लेख गरिएअनुसार यस नीतिको ढाँचा तथा परिकल्पनामा यसरी उल्लेख गरिएको छ ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति अन्तर्राष्ट्रिय मानव अधिकार ढाँचा, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, महिलाविरुद्ध हुने सबै प्रकारका विभेदको अन्त्यसम्बन्धी

...बाँकी पृष्ठ ३ मा

# हामीले चन्दा मागेर आवश्यकतालाई टारिरहेका छौं ।

कुनै बेला संस्कृतलाई एउटा निश्चिम वर्ग र समुदायको भाषाको रुपमा व्याख्या गर्दै विद्यालय तहमा संस्कृत विषयलाई निषेध गरियो । तर, गुरुकुलीय शिक्षा अर्थात् संस्कृत शिक्षालाई आत्मसात गर्दै एउटा वर्गले देशका विभिन्न स्थानमा संस्कृत वेद विद्यालय स्थापना गरेका छन् । संस्कृत शिक्षाले मूलतः धर्म, अध्यात्म र गुरुकुललाई जोड दिँदै आएको छ । भाषा र ज्ञानको दृष्टिले पनि संस्कृत शिक्षालाई उल्लेखनीय मानिँदै आएको छ । यसैसन्दर्भमा हेटौँडा-१०, गोरक्षेश्वर महादेव धाम परिसरमा रहेको संस्कृत वेद विद्यालयको विषयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुयश पराजुलीसँग समृद्ध समाज दैनिककी संवाददाता सुप्रभा शर्माले गर्नुभएको कुराकानी:




**सुयश पराजुली, अध्यक्ष**
**संस्कृत वेद विद्यालय व्यवस्थापन समिति**

*समाजः अहिले संस्कृत वेद विद्यालयमा कसरी अध्ययन अध्यापन हुँदैछ ?*

**पराजुली**: संस्कृत वेद विद्यालयलाई हामीले खासगरी गुरुकुलीय पद्दतिबाट सञ्चालन गर्न खोजिएको विद्यालय थियो । तर सरकारी अनुमति लिएर विद्यालय सञ्चालन गर्दा प्रमाणपत्रहरुको काममा सजिलो हुने भएकोले हामीले २०५८ सालदेखि सरकारी अनुमति लिएर कक्षा ६, ७ र ८ पनि सञ्चालन गर्‍यौं । संस्कृत बाहेक अन्य विषयहरुमा पढाउनका लागि २ जना शिक्षक दरबन्दीमा हुनुहुन्छ भने संस्कृत विषयहरु पढाउनका लागि हामीले सबै निजी श्रोतबाट व्यवस्थापन गरेका छौं । साथै त्यहाँ २०/२२ जना अट्ने छात्रावास छ । हामीले त्यो छात्रावासमा अवास र भोजनको निशुल्क व्यवस्था गरेका छौं । हामीले अंग्रेजी, गणित र भूगोल गरी ४ वटा विषयलाई शिक्षाको नियमानुसार पढाइरहेका छौं ।

*समाजः विद्यालयको स्थापना कसरी भयो ?*

**पराजुली**: २०५७ सालमा मेरो वुबा राघुनाथ पराजुलीले यो मकवानपुर जिल्लामा एउटा पनि संस्कृत पढ्ने ठाउँ नभएको र त्यो बेलामा विद्यालयहरुमा संस्कृत विषय हटाएको हुनाले नेपालीदेखि लिएर भारतीय विज्ञानले पनि संस्कृत विषयलाई महत्व दिनुपर्छ भनेर अनुसन्धान गर्ने क्रममा हाम्रो नेपालीभाषाको प्रमुख भाषा नै संस्कृत हो । नेपालबाट हराउँदै गयो भनेर २/३ जनालाई राखेर संस्कृत भाषाको शिक्षा दिन थालेको हो । पछि गएर समाजसेवी व्यक्तिहरु मिलेर गोरक्षेश्वर मन्दिरको पछाडि जमिन मागेको हो । २०५८ सालमा आएर यसरी स्वतन्त्र रुपमा पढाउने भन्दा पनि शिक्षा विशेषका लागि पढाउँदा प्रमाणपत्र उपलब्ध हुन्थ्यो । हाम्रो चाहिँ ८ सम्ममा मात्र पढाई हुने हुँदा ९ कक्षा त कत्तै गएर पढ्नु पर्‍यो । आधिकारिक प्रमाणपत्र दिने व्यवस्था गरियो । संस्कृतको पाठ्यक्रममा जस्तो थियो त्यसरी नै पढाउन सुरु गरिएको हो ।

*समाजः तपाईले व्यवस्थापन समितिको अध्यक्ष भएर काम गर्नुभएको कति समय भयो ?*

**पराजुली**: मैले काम गरेर ३ वर्ष पुग्न लाग्यो ।

*समाजः शिक्षकलाई तलब दिन आर्थिक स्रोत कसरी जुटाउनुभएको छ ?*

**पराजुली**: भूगोल पढाउने २ जना शिक्षकको तलब सरकारले दिइरहेको छ भने संस्कृत पढाउने २ जना शिक्षक, अंग्रेजी पढाउने एकजना, छात्रावास व्यवस्थापक र एउटा भान्सेलाई हामी निजीस्रोतबाट व्यवस्थापन गर्नु पर्छ ।

**समाजः विद्यार्थीका लागि खर्च कहाँबाट जुट्छ ?**

**पराजुली**: चन्दा, सहयोगी, दानदाता, काजकिरिया गर्नेहरुको चामल हुन्छ त्यो नै हामीले प्रयोग गरेका छौं भने कसैले नगदै पनि चन्दा दिने गर्नुभएको छ । छात्रावासमा मात्रै ५ लाख रुपैयाँसम्म खर्च हुने गरेको छ ।

*समाजः विद्यार्थीहरु कस्ता छन् ?*

**पराजुली**: विद्याथी हामीले छनौट गर्न पाउँदैनौं । अगाडि कुनै संकायमा भर्ना गरी एउटै कक्षामा फेल भएकाहरु आउँछ भने कोही विद्यार्थी राम्रो पनि आउने गरेका छन् ।

*समाजः विद्यार्थीहरु कहाँ-कहाँबाट आउँछन् ?*

**पराजुली**: मकवानपुर जिल्लाकै केही विद्यार्थी अध्ययनरत छन् । मकवानपुरसँगै झापा, नेपालगन्ज, नुवाकोट जिल्लाबाट पनि विद्यार्थी आएका छन् । हाम्रो उद्देश्य चाहिँ संस्कृतलाई भाषाको रुपमा विकास गर्ने हो ।

*समाजः विद्यार्थीले यसलाई व्यावसायिक रुपमा हेरेका छन् ?*

**पराजुली**: कतिपय विद्यार्थीहरु ११/१२ पढेकाहरु पनि छन् । संस्कृत पढेका विद्यार्थीहरुको नेपाली, हिन्दी भाषा राम्रो हुन्छ । त्यसैले पढ्न आएका छन् । केही विद्यार्थी चाहिँ एउटा कक्षामा फेल भएकाहरु तिमी यहाँ ३ वर्ष बस्यो भने राम्रो भविष्य बन्छ भनेर अभिभावकहरुले ल्याएर राखेका पनि छन् ।

*समाजः संस्कृत विषय ८ कक्षासम्म पढेकाले बाहिर गएर पढ्न पाउने व्यवस्था छ कि छैन ?*

**पराजुली**: कतिपय विद्यार्थीहरु त्यसरी भारततिर पढेर यहिँ हेटौँडाको आसपासमा रहेर काम गरिरहेका छन् । त्यसरी काम गरेको देख्दा विद्यालयको नाम राखेको जस्तो लाग्छ ।

*समाजः विद्यालयका मुख्य समस्या के छन् ?*

**पराजुली**: सरकारी तवरबाट शिक्षकलाई तलब दिने भन्दा अरु केही सुविधा आउँदैन । हामीले चन्दा मागेर आवश्यकतालाई टारिरहेका छौं । अहिले हामीले वडालाई एक तल्ला थप्नका लागि खर्च माग गरेका छौँ । अहिले २० जना विद्यार्थी क्षमताको कक्षाकोठा छ । वडाले थपेको तल्लामा ४० जना राख्ने लक्ष्य छ ।

*समाजः विद्यार्थीका गुनासा के रहन्छ ?*

**पराजुली**: विद्यार्थीका लागि खानामा कहिले काहीँ समस्या हुन्छ । कुनै शिक्षकले धेरै पढाएर अर्को विषय पढ्न पाएन भन्छन् । यस्तै सामान्य किसिमका गुनासा हुन्छन् । हामीले विद्यालयलाई व्यवस्थित बनाउने योजना बनाएका छौँ । विद्यार्थीका गुनासालाई सकारात्मकरुपमा लिएर विद्यार्थीले सहजै अध्ययन गर्ने अवसर प्रदान गर्ने प्रयासमा छौं ।

# सुन तस्करीको मुद्दा प्रहरीलाई बुझाइयो

काठमाडौंः राजश्व अनुसन्धान विभागले एक क्विन्टल सुन तस्करी प्रकरणको सम्पूर्ण अनुसन्धान नेपाल प्रहरीलाई जिम्मा लगाएको छ। आइतबार पत्रकार सम्मेलन गरेर विभागका महानिर्देशक नवराज ढुंगानाले सुन तस्करी अन्तरदेशीय संगठित अपराध भएकाले विभागले थप छानबिन र मुद्दा अभियोजनको सम्पूर्ण जिम्मेवारी प्रहरीलाई सुम्पिएको जानकारी दिए। पक्राउ परेका सबै आरोपितलाई पनि प्रहरीको जिम्मा लगाइने महानिर्देशक ढुंगानाले बताए।

४६ वर्ष लामो इतिहासमा पहिलो पटक विभागले अनुसन्धान चल्दाचल्दै आफ्नो क्षेत्राधिकारको मुद्दा प्रहरीलाई सुम्पिएको हो। २ साउनमा विभागले एक सय किलो सुन विमानस्थल भन्सारको मुल गेटमा बरामद गरेको थियो । हङकङबाट नेपालमा भित्र्याइएको सो सुन प्रकरणमा हालसम्म २ जना चिनियाँ र एक भारतीयसहित १८ जना पक्राउ परिसकेका छन्। पक्राउ पर्नेमा ३ जना विमानस्थल भन्सारका कर्मचारी पनि रहेका छन्। सुन बरामद भएको तेस्रो सातासम्म विभागले सुन तस्करको बालुवाटार, लाजिम्पाट, सोह्रखुट्टे र टोखाका चार वटा गोदाममा छापा मारेको थियो। स्रोतः अनलाइनखबर।

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## ललिता निवास प्रकरण

# माधव नेपाल र बाबुराममाथि पनि अनुसन्धान गरिने





काठमाडौं: सर्वोच्च अदालतले ललिता निवास जग्गा प्रकरणमा मन्त्रिपरिषद्‌बाट निर्णय गर्नेहरुमाथि पनि अनुसन्धान गर्न आदेश दिएको छ। ललिता निवास जग्गा अनियमितता प्रकरणमा मुछिएका योगराज पौडेलले दायर गरेको बन्दी प्रत्यक्षीकरणको निवेदनमा न्यायाधीश अनिलकुमार सिन्हा र डा. कुमार चुडालको इजलासले नीति निर्माताामाथि समेत अनुसन्धान गर्न आदेश दिएको हो।

आदेशमा भनिएको छ, '२०६६ चैत २९ र २०६७ वैशाख ३१, २०६७ साउन २८ तथा २०६९ असोज १८ को नेपाल सरकारको मन्त्रिपरिषदको निर्णय तथा निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रुपमा संलग्न हुनेहरु, मन्त्रालयस्तरमा सो निर्णय गर्न किटानी प्रस्ताव पेश गर्ने वा प्रस्तावमा संलग्न माथिल्लो तहका पदाधिकारी वा अधिकारीको पदसोपान (अनुसन्धानकर्ताको सवाल बमोजिमको 'पिरामिड'को माथिल्लो तह) बाट समेत गरी अब उप्रान्तको थप अनुसन्धान कार्य अविलम्ब सम्पन्न गर्नु गराउनु भनी प्रत्यर्थीहरुको नाममा यो आदेश जारी गरिदिएको छ।'

सर्वोच्चको यो आदेशले ललिता निवास जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई माथि अनुसन्धान अघि बढाउन बाटो खुलेको छ। माधव नेपाल नेतृत्वको मन्त्रिपरिषद बैठकले प्रधानमन्त्री निवास विस्तार गर्ने भन्दै नक्कली मोहीलाई सरकारी जग्गा सट्टा भर्ना दिएको थियो । त्यस्तै डा. भट्टराई नेतृत्वको मन्त्रिपरिषद बैठकले अस्तित्वमै नरहेको पशुपति टिकिन्छा गुठीका नाममा ललिता निवासको जग्गा दर्ता गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो । मन्त्रिपरिषदको निर्णय प्रमाणित गर्ने तत्कालिन मुख्य सचिवहरु माधवप्रसाद घिमिरे र लीलामणि पौडेल पनि अनुसन्धानको दायरामा पर्ने भएका छन्। घिमिरेको सडक दुर्घटनामा निधन भइसकेको छ। स्रोतः अनलाइनखबर।

# डेंगु प्रभावित क्षेत्रमा बागमती सरकारको अध्ययन टोली

हेटौंडाः बागमती प्रदेशका स्वास्थ्य मन्त्री उत्तम जोशीले मन्त्रालयको पहलमा डेंगु नियन्त्रणका लागि लामखुट्टेको स्रोतमै पुगेर रोकथाम र नियन्त्रणका उपाय अपनाउने गरी काम सुरु गरिएको बताएका छन् । लामखुट्टेको टोकाइबाट हुने डेंगु रोगको संक्रमण रोक्न प्रदेशभर 'लार्भा खोज र नष्ट गर' अभियान सुरु गरिएको उनले बताए।

डेंगु नियन्त्रणका लागि मन्त्रालयले आवश्यक छलफल र परामर्शबाट 'एक्सन प्लान' बनाई कार्यान्वयनमा अघि बढेको पनि उनले जानकारी दिए। डेंगुको ठोस उपचार र औषधि नहुने भएकाले संक्रमण हुनबाट जोगिनु नै सबैभन्दा उत्तम उपाय भएको मन्त्री जोशीको भनाइ छ। डेंगु रोगको संक्रमण नियन्त्रणका लागि आम नागरिक नै सचेत हुनुपर्ने हुन्छ, त्यसैले सचेतना अभियान नै यसका लागि उपयुक्त हुने उनले बताए।

सचेतना अभियान सञ्चालनका लागि मन्त्रालयले मातहतका स्वास्थ्य कार्यालयहरुलाई निर्देशनसमेत दिएको मन्त्री जोशी बताउँछन्। स्वास्थ्य कार्यालयहरुले स्थानीय तहसँग समन्वय गरी सचेतनासँगै 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरिरहेको उनले बताए । यो अभियान निरन्तर रहने जानकारी दिँदै मन्त्री जोशीले विगतको जस्तो समस्या नहोस् भनेर मन्त्रालयले सबै पक्षलाई तयारी अवस्थामा राखेको बताए।

मन्त्री जोशीका अनुसार मन्त्रालयले संक्रमितहरुको उपचारमा समस्या नहोस् भनेर मातहतका अस्पतालहरुमा पूर्वतयारीका काम गर्न निर्देशन दिएको छ । बिरामीको चापलाई मध्यनजर गर्दै प्रादेशिक अस्पतालहरुमा बेड संख्या थप गर्ने र आवश्यक मात्रामा परीक्षण किटहरु खरिद तथा स्टोर गर्ने कामसमेत अघि बढाइएको उनको भनाइ छ। मन्त्रालयले संक्रमण दरको अवस्था हेरेर सम्बन्धित अस्पतालहरुमा जनशक्ति, स्वास्थ्य सामग्रीको सुनिश्चितताका लागि बजेटको समेत व्यवस्था गरेको उनले बताए।

**मन्त्रालयको अध्ययन टोली फिल्डमा**

पछिल्लो समय डेंगु संक्रमण तीव्र गतिमा फैलिएसँगै मन्त्रालयबाट अध्ययन टोली फिल्डमा खटाइएको मन्त्री जोशीले बताए । विज्ञसहितको अध्ययन टोली संक्रमण दर उच्च भएका जिल्लामा जाने र डेंगु नियन्त्रणका लागि आवश्यक काम गर्ने उनले बताए।

उनका अनुसार निरन्तरको प्रयासका बाबजुद पनि डेंगु संक्रमण दर तीव्ररुपमा फैलिएका कारण धादिङमा मन्त्रालयबाट अध्ययन टोली खटाइएको छ। सो टोलीले धादिङको संक्रमण दर र नियन्त्रणको प्रयासका विषयमा अध्ययन गर्ने र संक्रमण दर नियन्त्रण तथा उपचारमा गर्नुपर्ने थप कार्य अघि बढाउने उनले बताए । उक्त टोलीको सुझावअनुसार मन्त्रालयले डेंगु नियन्त्रणका लागि आवश्यक काम गर्ने पनि मन्त्री जोशीले प्रस्ट पारे।

(स्रोतः रातोपाटी)

## विकासमा सामाजिक...

महासन्धिअनुरूप रहेको छ । लैंगिक समानताको अवधारणाले महिला, यौनिक/लैंगिक अल्पसंख्यक तथा पुरुषहरूको आआफ्ना आवश्यकताअनुसारका न्यायोचित व्यवहारलाई जनाउँछ । यसले समान व्यवहार वा फरक तर अधिकार, लाभ, दायित्व र अवसरका आधारमा समतुल्य मानिने व्यवहालाई समेट्छ ।

लैंगिक समानता एक साझा एवं अन्तरसम्बन्धित विषय हो । यसले जात/जातीयता, उमेर, लिंग, यौन अभिमुखीकरण, अपांगता, धर्म र स्थानका अन्तरसम्बन्धले असमानता, भेदभाव र बेफाइदाहरूलाई आकार दिइरहेका हुन्छन् र सीमान्तकृत समूह, धार्मिक अल्पसंख्यक र यौनिक/लैंगिक अल्पसंख्यक समूहका मानिसहरू लैंगिकतामा आधारित असमानताको बढी जोखिममा हुने गर्छन् भन्ने स्वीकार गर्छ । सामाजिक न्यायको समस्या तथा चुनौती समाधान गर्न निम्न व्यवस्थाहरू गर्नु आवश्यक छ । जस्तै : अपांगता भएका बालबालिकाहरूको अवस्था, सिकाइ आवश्यकता तथा कार्यगत सीमितताको पहिचान गरी निरन्तर सहयोग गर्ने ।

प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिका, विशेषलक्षित समूह तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि समताका आधारमा न्यूनतम मापदण्ड पूरा गरेका बाल विकास केन्द्र विस्तार गरी सेवामा पहुँच बढाउने । अपांगता भएका बालबालिकाका लागि निःशुल्क तथा अनिवार्य प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्ने । प्रारम्भिक बालविकास कक्षा र बालविकास केन्द्रका शिक्षकहरूको न्यूनतम योग्यता निर्धारण गरी हाल कार्यरत बालविकास सहजकर्ताहरूलाई योग्यतामा आधारित वृत्ति विकास र स्तर वृद्धिको अवसर प्रदान गर्नुपर्छ ।

नेपालमा सामाजिक न्याय तथा समावेशी लोकतन्त्रका चुनौतीहरूमा प्रजातान्त्रिक संस्कार र शैलीको अभाव, दलहरूमा आन्तरिक प्रजातन्त्रको कमी, शासनमा जनसहभागिता र जनउत्तर दायित्वको बेवास्ता, निषेधको राजनीति, आर्थिक अनुशासनमा ह्रास, सत्ताधारीहरूमा सामन्तवादी र सुविधाभोगी चरित्र हावी, आफ्नो शासनशैली र राजनीतिक व्यवहारमा रहेका गम्भीर कमजोरीलाई महसुस गर्न नचाहने, त्यसको दोष संविधानलाई दिने र समाधान संवैधानिक परिवर्तनमा मात्र देख्ने प्रवृत्ति आदिजस्ता समस्याहरू देखिएका छन् ।

वर्तमान पन्ध्रौं योजना २०७६-२०८१ मा लैंगिक समानता, महिला विकास कार्यक्रम तथा समावेशी विकासअन्तर्गत लैंगिक समानतामूलक राष्ट्रको विकास गर्ने तथा राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सभागितामा समावेशी विकास गर्ने सोच राखिएको छ भने आर्थिक, सामाजिक तथा राजनीतिक अवसरबाट वञ्चितिमा परेका वर्गका लागि मुलुकमा उपलब्ध साधनस्रोत, सुविधामा समानुपातिक समावेशी पहुँचको सुनिश्चितता गर्ने ।

लैंगिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने उद्देश्य राखिनुका साथै मानव विकास सूचकांकका आधारमा पछाडि परेका समुदायको सशक्तीकरण र समानुपातिक विकास गर्ने, महिलाको सम्मान तथा अर्थपूर्ण सहभागितासहित सारभूत समानता कायम गर्ने, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, आर्थिकविरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने, आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्ने लक्ष्य पनि राखिएको पाइन्छ ।

राज्य संयन्त्रमा महिला प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत पुगेको हुने, प्रत्यक्ष रूपले लैंगिक उत्तरदायी बजेट विनियोजनको अनुपात २५ प्रतिशत पुगेको हुने र महिला विकास कार्यक्रम सबै गाउँपालिकामा विस्तार हुनेछ । महिलाहरूको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ऐन, नियम, कार्ययोजनाका साथै सबै जिल्लामा विभिन्न कार्यक्रममार्फत लैंगिक समानता तथा महिला सशक्तीकरण गर्ने प्रयास भएका छन् । पैतृक सम्पत्तिमा समान हक, सामाजिक सुरक्षा र सामाजिक न्यायको क्षेत्रमा भएका प्रयासबाट केही सुधार देखिन थालेका छन् । राज्यले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिबद्धताहरूलाई कार्यान्वयनमा लैजान मानव बेचबिखन तथा ओसारपसार एवम् घरेलु हिंसा नियन्त्रण गर्न कानुनहरू कार्यान्वयनमा ल्याइएको छ ।

*(स्रोतः कारोबारदैनिक)*

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## महिला विश्वकप-२०२३

# साविक विजेता अमेरिका स्वीडेनसँग पराजित, नेदरल्याण्ड क्वार्टरफाइनलमा


*अमेरिकालाई पराजित गरेपछि खुसी हुँदै स्वीडेनका खेलाडी ।*

मेलवर्न: साविक विजेता तथा कीर्तिमानी चारपल्टको च्याम्पियन अमेरिकालाई सडनडेथमा स्तब्ध पार्दै स्वीडेन फिफा महिला विश्वकप फुटबल २०२३ को क्वाटरफाइनलमा प्रवेश गरेको छ । महिला विश्वकपको सर्वाधिक सफल चार पल्टको विजेता तथा दुई पल्टको उपविजेता अमेरिकालाई प्रि-क्वाटर फाइनलमा सडन डेथमा ५-४ ले स्तब्ध पार्दै स्वीडेन अन्तिम आठमा प्रवेश गर्न सफल भएको हो । निर्धारित र अतिरिक्त समयमा कुनै गोल निस्कन नसकेपछि खेल टाइब्रेकरमा लम्बिएको थियो । टाइब्रेकरमा ३-३ गोलको बराबरीपछि खेल सडन डेथमा लम्बिएको थियो ।

टाइब्रेकरमा स्वीडेनकी फ्रिडोलिना रोल्फो, एलिन रुवेन्सन र हाना बेनिन्सले गोल गर्न सफल हुँदा नाथलि विजोर्नको प्रहार आकासिदा रेविका ब्लोमभिस्टका प्रहारलाई अमेरिकी गोलरक्षक एलिसा नाहिरले बचाइन् । सडनडेथमा स्वीडेनकी मागडालेना एरिक्सन र लिन हुर्टिगले गोल गर्न सफल भइन् । हुर्टिगको अन्तिम पेनाल्टीलाई एलिसा नाहिरले दोस्रो प्रयासमा बचाएपनि रेफ्रीको भिएआरको सहायता लिँदै गोल प्रदान गर्दा स्वीडेन विजयी हुन सफल भयो ।

टाइब्रेकरमा अमेरिकाकी एन्डी सुलीभान, लिन्डसे होरान, क्रिष्टि मेविस र सडन डेथमा एलिसा नाहिरले गोल गर्न सफल भइन् । अमेरिकाकी मेगान रापिनोई र सोफिया स्मिथको प्रहार आकासिदा केली ओहोराको प्रहार पोस्टमा लाग्दै फर्किदा अमेरिकाको खेलमा फर्कने सम्भावना झिनो बन्दा स्वीडेनकी हुर्टिगले गोल गर्दै अमेरिकालाई स्तब्ध बनायो । अब स्वीडेनले क्वाटर फाइनलमा जापानसँग ११ अगस्टमा प्रतिस्पर्धा गर्नेछ । जापानले शनिबार नर्वेलाई ३-१ ले पराजित गर्दै क्वाटर फाइनलमा स्थान पक्का गरिसकेको छ ।

यता उपाधि दावेदार नेदरल्याण्ड्स फिफा महिला विश्वकप फुटबल २०२३ को क्वाटरफाइनलमा प्रवेश गरेको छ । आइतबार भएको प्रि-क्वाटरफाइनलमा दक्षिण अफ्रिकालाई २-० ले पराजित गर्दै डच टोलीले अन्तिम आठको यात्रा तय गरेको हो । नेदरल्यान्ड्सको जितमा जिल रुड र लिनेथ विरेन्सटाइनले गोल गरिन् । पहिलो हाफमै दुई महत्वपूर्ण खेलाडी गुमाएपछि दक्षिण अफ्रिका समस्यामा पर्दा नतिजा नै सुम्पन पुग्यो ।

अष्ट्रेलियाको सिड्नीस्थित सिड्नी फुटबल स्टेडियममा आइतबार भएको खेलको नवौं मिनेटमा जिल रुडको गोलबाट डच टोलीले सुरुवाती अग्रता लिन सफल भयो । उनले हेडरमार्फत सुन्दर गोल गर्न सफल भइन् । एक गोलले पछि परेको दक्षिण अफ्रिकाका दुई महत्वपूर्ण खेलाडी १२ मिनेटको अन्तरमा चोट बोक्दै बाहिरिएपछि टोली थप समस्यामा पर्यो । ३०औं मिनेटमा जेर्मेन सेपोसेन्वी चोटका कारण बाहिरिन पुगिन् । ४२औं मिनेटमा बम्वानानी एम्वाने पनि चोटका कारण बाहिरिदा टोली थप समस्यामा पुग्यो ।

५४औं मिनेटमा लेकी मार्टिनले गोल गरेपनि भिएआरबाट अफसाइड ठहरिदा गोलले मान्यता नपाउँदा नेदरल्यान्ड्स अग्रता दोब्बर पार्नबाट चुक्यो । ६८औं मिनेटमा लिनेथ विरेन्सटाइनले लेकीको पासमा गोल गर्दै नेदरल्यान्ड्सको सहज जित पक्का गरिन् । विश्वकप फुटबलको इतिहासमा पहिलोपल्ट प्रि-क्वाटर फाइनलमा प्रवेश गरेको दक्षिण अफ्रिका त्यसभन्दा अघि बढ्न सकेन । अब नेदरल्यान्ड्सले क्वाटरफाइनलमा स्पेनसँग खेल्नेछ । स्रोतः हाम्रो खेलकुद ।

# चोरीको मोटरसाइकलसहित ३ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुर प्रहरीले चोरीको मोटरसाइकलसहित ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको बकैया गाउँपालिका-४ पाङदुरेका १८ वर्षीय निरोज गोले, २० वर्षीय बिशाल वाईबा र माझखोलाका १८ वर्षीय मनोज तामाङ रहेको प्रहरी नायव उपरीक्षक टेक बहादुर कार्कीले जानकारी दिनुभयो ।

शुक्रबार साँझ ५ बजेर ५० मिनेटको समयमा भित्री सडक खण्डमा हेटौँडाबाट मसानेतर्फ जाँदै गरेको प्रदेश २ ०३-००९ प ३३९३ नम्बरको मोटरसाइकललाई प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको टोलीले शंका लागी सुरक्षाजाँच गर्दा मोटरसाइकको कागजपत्र नभएको पाइएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो । मोटरसाइकसहित तीनैजनालाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# जंगली च्याउ खाँदा ३ जना बिरामी

समाज संवाददाता

हेटौँडाः मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिमा जंगली च्याउ खाँदा शनिबार ३ जना बिरामी भएका छन् । थाहा नगरपालिका-३, शिखरपुरमा जंगली च्याउ खाँदा ६४ वर्षीय बिदुर बिष्ट, ३३ वर्षीय जितेन्द्र बिष्ट र २६ वर्षीया रचना बिष्ट बिरामी भएको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ । तीनैजनाको अवस्था सामान्य रहेको र उपचारका लागि ललितपुरस्थित पाटन अस्पताल पठाइएको छ ।

## पृतनापति ट्रफी २०८०

# फुटबलको फाइनलमा शिवदल र गोरखबहादुर गण

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिका-१, सुपरोटारस्थित नेपाली सेनाको मध्यपृतना हेडक्वार्टरमा जारी पृतनापति ट्रफी-२०८० अन्तर्गत फुटबलतर्फ शिवदल गण र गोरखबहादुर गण फाइनलमा प्रवेश गरेको छ ।

समूह चरणको अन्तिम खेलमा आइतबार जबरजंग गणलाई ६-० को फराकिलो गोलअन्तरले पराजित गर्दै शिवदल गण शीर्षस्थानमा रहँदै फाइनल प्रवेश गरेको हो । यस्तै समूह चरणको अन्तिम खेलमा नयाँ सबुज गणसँग १-१ गोलको बराबरी खेल्दै गोरखबहादुर गण दोस्रो स्थानमा रहँदै फाइनल प्रवेश गरेको हो । ४ वटा गणको सहभागिता रहेको फुटबलमा समूह चरणमा पहिलो र दोस्रो स्थानमा रहने टिमबीच फाइनल खेलाइने छ । फुटबलको फाइनल खेल साउन २५ गते हुनेछ ।

पृतनापति ट्रफीअन्तर्गत हाफ म्याराथनमा गोरखबहादुर गणका सिपाही सन्तोष नेपाली प्रथम भएका छन् भने जबरजंग गणका सिपाही सुदीप श्रेष्ठ द्वितीय हुँदा गोरखबहादुर गणकै सिपाही भुपेन्द्र सुनार तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीय हुने नेपाली, श्रेष्ठ र सुनार प्रधान सेनापति ट्रफीमा सहभागी हुनेछन् । २१ किलोमिटरको निर्धारित दूरी नेपालीले १ घण्टा २१ मिनेट २६ सेकेण्डमा पार गरे भने श्रेष्ठले १ घण्टा २२ मिनेट १८ सेकेण्डमा पूरा गरे । यस्तै सुनारले १ घण्टा २३ मिनेट ३४ सेकेण्डमा निर्धारित दूरी पार गरे । हाफ म्याराथनमा ११ जना खेलाडी सहभागी थिए ।

पृतनापति ट्रफी अन्तर्गत नै भलिबल खेल आइतबारबाट सुरु भएको छ । आइतबार भलिबलतर्फ गोरखबहादुर गणले जबरजंग गणलाई ३-० को सोझो सेटमा पराजित गरेको छ । यस्तै अर्को खेलमा शिवदल गणले नयाँ सबुज गणलाई ३-१ को सेटमा पराजित गरेको छ । मध्यपृतना हेडक्वार्टरअन्तर्गत ४ वटा गणबीच ७ वटा खेलमा पृतनापति ट्रफी भइरहेको छ । आज सोमबारबाट बास्केटबलका खेल पनि सुरु हुने मध्यपृतना हेडक्वार्टरका मेजर नीरकुमार कार्कीले जानकारी दिनुभएको छ ।

# गोलभैँडाको थोक मूल्य प्रतिकेजी १४० रुपैयाँ



समाज संवाददाता

हेटौँडाः हेटौँडामा गोलभेडाको थोक मूल्य प्रतिकेजी १ सय ४० रुपैयाँ पुगेको छ । गोलभैँडाको उपभोक्ता मूल्य भने प्रतिकेजी १ सय ६० रुपैयाँदेखि १ सय ८० रुपैयाँसम्म कायम भएको छ । हेटौँडा-१, राप्तीबगरस्थित तरकारी व्यवसायी जगत लामाले गोलभैँडाको मूल्य बढेको जानकारी दिनुभएको छ ।

छिमेकी मुलुक भारत निर्यात भएसँगै गोलभैँडाको मूल्य बढेको हो । १० दिन अगाडि गोलभैँडाको उपभोक्ता मूल्य प्रतिकेजी १ सय २० रुपैयाँ रहेको थियो । हेटौँडाको थोक बजारमा मकवानपुरको मकवानपुरगढी गाउँपालिकाको बुढीचौरबाट थोरै मात्रामा आइरहेको छ भने धेरैजसो काठमाडौँबाट आउने व्यवसायी लामाले जानकारी दिनुभयो । भारतमा निर्यात भएसँगै किसानले राम्रो मूल्य पाएको लामाको बताउनुभयो ।

यसअघि भारतमा निर्यात भएसँगै अदुवाको थोक मूल्यमा उल्लेख्य वृद्धि भएको थियो । भारतमा निर्यात रोकिएसँगै हेटौँडामा अदुवाको मूल्य घटेको छ ।

# रास्वपाले राजनीतिक दस्तावेजका लागि सुझाव संकलन गर्ने

काठमाडौंः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पार्टीको दस्तावेज तयार गर्न ५१ गाउँबाट सुझाव संकलन गर्ने भएको छ । हिमाल, तराई, पहाड सहितको भौगोलिक र समुदाय विविधता हुने गरी नागरिककहाँ पुगेर दस्तावेजका लागि सुझाव संकलन गरिने भएको छ । पार्टीले गठन गरेको १७ जनाको टोलीका प्रत्येकले तीन स्थानमा पुगेर सुझाव संकलन गर्ने भएका छन् । कुन कुन स्थानमा पुग्ने र कहिलेबाट सुझाव संकलन गरिने निर्क्यौल भने भइसकेको छैन ।

महामन्त्री मुकुल ढकालका अनुसार भौगोलिक र समुदाय फरक पर्ने गरी ५१ स्थानबाट सुझाव संकलन गरिने भएको छ । सुझाव संकलनका क्रममा स्थानीयबासिन्दासँग अन्तरक्रिया समेत गरिने रास्वपाले जनाएको छ । सुझाव संकलन गरिने स्थान छनोट गर्दा एउटै जिल्लाका दुई ठाउँ नहुने गरी ५१ गाउँ चयन गर्ने तयारी गरिएको छ । भौगोलिक र समुदायमा विविधता हुने गरी ठाउँ निश्चित गर्ने जिम्मेवारी दस्तावेज तयारी समितिका सदस्य मनिष झालाई जिम्मेवारी दिइएको छ ।

सुझाव संकलनका लागि खटिँदा टोलीका सदस्य आफ्नो गृह क्षेत्रमा भने जान पाउने छैनन् । 'दस्तावेज तयार गर्नका लागि एक चरणको कार्य प्रतिनिधिमण्डलले सकेको छ । राजनीतिक धारणा र पार्टीको नीतिको बारेमा हामीहरु बीच छलफल भइसकेको छ,' दस्तावेज तयारी समितिका एक सदस्य गणेश कार्कीले हालसम्मको कार्यबारे भने, 'हामीले बनाएको दस्तावेजमा नागरिकको धारणा बुझ्न गाउँ जादैछौं ।'

'नयाँ युगको संकल्प' दस्तावेज तयार गर्ने क्रममा प्रतिनिधिमण्डल सदस्यले एक स्थानमा पाँच दिन समय दिएर तीन ठाउँमा पुग्नुपर्ने हुन्छ । तीन गाउँ पुग्नुपर्ने भएकाले १५ दिनको अवधि तोकिएको छ । 'नेपाली जनताले कस्तो पार्टी आवश्यक ठानेका छन् । पार्टीलाई कसरी अगाडि बढाउनुपर्छ भने आम जनताकहाँ गएर सुझाव संकलन गरिने छ,' महामन्त्री ढकालले भने । नागरिकसँग सुझाव लिनका लागि प्रश्नावली बन्ने क्रममा रहेको ढकालले जानकारी दिए । गत जेठमा महामन्त्री ढकालले पार्टी बैठकमा राखेको दस्तावेज विवादमा परेपछि नीति तय गर्नका लागि १७ जनाको टोली असार पहिलो साता गठन गरिएको थियो ।

दस्तावेज तयार गर्नका लागि बनेको टोलीमा नेताहरु मुकुल ढकाल, कविन्द्र बुर्लाकोटी, सन्तोष परियार, डा. स्वर्णिम वाग्ले, शिशिर खनाल, सोविता गौतम, सुमना श्रेष्ठ, मनिष झा, डा. तोसिमा कार्की, गणेश कार्की, हरि ढकाल, रमेश प्रसाई, कमल सुवेदी, गणेश पराजुली, विपीन कुमार आचार्य, क्रान्तिशिखा धिताल, र शंकर श्रेष्ठ छन् । स्रोतः अनलाइनखबर ।

# मकवानपुरका विक रसुवामा पक्राउ

समाज संवाददाता

हेटौँडाः रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका-२ मा सुनसहित मकवानपुरका एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा मकवानपुरको थाहा नगरपालिका-५ का ४१ वर्षीय अमर बहादुर विश्वकर्मा रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शनिबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा केरुङबाट नेपाल आउँदै गरेका विश्वकर्माको साथबाट प्रहरीले सुन ३.६६१ तोला र चाँदी ८.५७८ तोला बरामद गरेको प्रहरीले जनाएको छ । विश्वकर्मासँग बरामद सुनचाँदीको मूल्य ४ लाख २४ हजार बराबर रहेको प्रहरीले जनाएको छ । बरामद भएको सामान नियन्त्रणमा लिई कार्बाहीको लागि भन्सार कार्यालय टिमुरेमा पठाइएको प्रहरीले जनाएको छ ।

# किशोरीको शव फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुरको भीमफेदी गाउँपालिका-८, माण्डुस्थित बागमती खोलामा एक किशोरीको शव फेला परेको छ ।

आइतबार बिहान ६ बजेको समयमा अन्दाजी १७ वर्षीया किशोरीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घटना बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

# एसईई ग्रेडवृद्धिको आवेदन दिने समय सकियो

समाज संवाददाता

**हेटौँडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) को ग्रेडवृद्धि परीक्षाका लागि आवेदन दिने समय सकिएको छ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका अधिकृत उन्नति ढकालले आइतबारसम्म आवेदन दिने अन्तिम समय रहेको जानकारी दिनुभयो । आज सोमबारदेखि परीक्षाको तयारीमा लाग्ने उहाँले बताउनुभयो ।**

**आउँदो साउन २६ गते र २७ गते देशभर एसईई ग्रेडवृद्धि परीक्षा सञ्चालन हुनेछ । करिब एक महिनाअघि सार्वजनिक एसईई नतिजामा सीभन्दा न्यून ग्रेड प्राप्त गरेका विद्यार्थीले दुईवटा विषयमा मात्र ग्रेडवृद्धि परीक्षा दिन मिल्ने गरी परीक्षा आवेदन फारम खुलाइएको थियो ।**

**एसईईको ग्रेडवृद्धि परीक्षा आउन ४ दिनमात्र बाँकी रहेको छ । तर, हालसम्म कति विद्यालयका विद्यार्थीले आवेदन फारम भरे भन्ने यकिन नभएको अधिकृत ढकालले बताउनुभयो । परीक्षाका लागि परीक्षा केन्द्र र केन्द्राध्यक्षसमेत तोकिएको छैन । उक्त परीक्षालाई हतारको परीक्षाको रुपमा लिन सकिने उहाँको भनाइ छ । समयमै विद्यार्थी संख्या यकिन नहुँदा प्रश्नपत्र छपाईमा समेत समस्या हुनसक्ने बताइएको छ । मकवानपुरमा एक सय ३८ माध्यमिक तहका विद्यालय रहेको छ ।**

# अवैध कपडा बरामद

समाज संवाददाता

हेटौँडाः पूर्व पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट मकवानपुर प्रहरीले अवैध कपडा बरामद गरेको छ ।

आइतबार बिहान ३ बजेर ४० मिनेटको समयमा वीरगञ्जबाट काठमाडौँतर्फ जाँदै गरेको ना ८ ख ८००१ नम्बरको यात्रुबाहक बसमा सुरक्षजाँच गर्दा बसको डिकिमा लुकाई छिपाई ल्याएको १ लाख बराबरको अवैध कपडा बरामद गरेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । प्रहरीले बसबाट कुर्तासेट १२० पिस र टप्स ४९ पिस फेला पारेको थियो । अवैध कपडा नियन्त्रणमा लिई बसलाई गन्तव्य तर्फ पठाईएको प्रहरीले जनाएको छ ।

स्वादिष्ट नेवारी खाजा




अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ